# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुल्लु, दैलेख

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना
**तेस्रो आँखा राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७५/१२/१९**

यस कार्यालयबाट आ.व. २०७५ ०७६ मा तपसिलका योजना कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समयभित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले १५ औ दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजत पत्र मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्र, आ.व. २०७४ ०७५ सम्म कर चुक्ता प्रमाण- पत्र र अन्य ठेक्का सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपीहरु सलग्न राखि निवेदन साथ तपशिलमा उल्लेखित रकम पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई निवेदन दिई सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. दरभाउ पत्र दस्तुर रु. १०००।०० यस कार्यालयको रा.बा.बैक दुल्लू स्थित हि.न. ४३४०३०२०३६३०२ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरी सोको रसिद साथ माथि उल्लेखित कागजातहरु सलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म खरिद गर्न सकिने छ ।

३. सिलबन्दी दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरि तल उल्लेखित कार्यको लागी देहाय बमोजीमको धरौटी रकम सिलबन्दी दरभाउपत्र साथ कम्तिमा ९० (नब्बे) दिन म्याद भएको जमानी पत्र (बिड बण्ड) वा यस कार्यालयको नाममा रा.वा.बैक दुल्लू शाखामा रहेको ४३४०३०३००७१०२ खातामा धरौटी वापतको रकम जम्मा गरेको सक्कल बैक भौचर सिलबन्दी दरभाउपत्रका साथ सलग्न राखि यस कार्यालय मा १६ (सोह्रौ) दिनको १२ :०० बजेभित्र दर्ता गर्नुपर्ने छ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ :०० बजे भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनको २ :०० बजे भित्र दरभाउपत्र दाता वा निजको प्रतिनिधिका रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न आएको खण्डमा उक्त दिनको लगत्तै (कार्यालय खुलेको दिन) सोहि समयभित्र खरिद र दाखिला गर्न सकिनेछ ।

५. दररेट पेश गर्दा प्रत्येक आइटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ ।

६. रित नपुगी आएका वा म्याद गुज्री आएको वा अन्य शर्त राखि पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. जुन फर्मको नामबाट दरभाउपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र दरभाउपत्र दाखिला गर्न पाइने छ ।

९. यसमा उल्लेखित भएकोमा यसै बमोजीम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०. अन्य कुरा यस कार्यालयमा कार्यालय वा कार्यालय समयभित्र समयभित्र कार्यालयको टेलिफोन नम्बर ०८९-४११०४१ मा वा यस कार्यालयको website: www.dullumun.gov.np बाट बुझ्न सकिनेछ ।

| क्र.सं | शिलवन्दी दरभाउपत्र नं. | कामको विवरण | ल.ई रकम (भ्याट मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर (रु.) | धरौटी रकम रु | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ३१-०७५।०७६ | नेपाल राष्ट्रिय आधारभुत विद्यालय दुल्लू नगरपालिका ५ रिजु भवन निर्माण | १७२४२२३।५५ | १०००।०० | ४३५००।०० | इजाजत प्राप्त निर्माण व्यवसायीहरु |

प्रमुख प्रशासकीय अधिकृत